"सभ्य र समृद्ध तुम्बेवाको आधार: कृषि,पर्यटन, शिक्षा र गुणस्तरीय पुर्वाधार"

# आर्थिक बर्ष २०७६/०७७ को

# नीति, कार्यक्रम तथा बजेट

## मिति २०७६/०३/१०

# तुम्बेवा गाउँपालिका

मौवा,पाँचथर

प्रदेश नं १

नेपाल

# तुम्बेवा गाउँपालिकाको नीति, कार्यक्रम तथा वजेट
# आ.व. २०७६/०७७

**तुम्बेवा गाउँपालिकाद्धारा पारित आ.व.०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा वजेट सार्वजनिकरण समारोह सभाका  प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, विशेष अतिथि ज्यू, अतिथि ज्यूहरु, सम्पूर्ण वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँपालिका सम्पुर्ण सदस्य ज्यूहरु, तुम्बेवा गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरु, राजनितिक दलका प्रतिनिधि ज्यूहरु, बुद्धिजीवी, ब्यापारी, सञ्चारकर्मी मित्रहरु, एवं उपस्थीत आमा वुवा दाजुभाइ तथा दिदी बहिनीहरु ।**

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइ  हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भई  सकेर आज हामी तुम्बेवा गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएको छु ।

देशलाई यस स्थितिमा ल्याइपुचाउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पूर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भूमिका खेल्ने सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छु । संघीयता सफल रुपमा कार्यान्वयन गर्ने क्रममा “गाउँगाउँमा सिंहदरबार”, हाम्रो तुम्बेवा नारालाई मुर्तता दिने ठूलो अभिारा हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो तहलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

हामीले हाम्रो क्षमताले भ्याएसम्म विकास प्रक्रियालाई तिब्रता दिएको कुरा अवगत गराउन चाहन्छु । राष्ट्रसेवक कर्मचारीहरुले राष्ट्रले दिएको जिम्बेवारी प्रशासनीक तथा अन्य क्षेत्रमा कुशलता पुर्वक रुपमा पुरा गर्नुभएकोमा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसै गरी सम्पूर्ण जनप्रतितिधिहरुले वास्तविक जनप्रतिनिधिका रुपमा आफ्नो भुमिका निर्वाह गर्ने सम्पुर्णमा धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा समेत सम्पुर्ण कर्मचारीहरुको पेशागत विद्वता र जनप्रतिनिधिहरुको सोच र इच्छा शक्तिको पूर्ण उपयोग गर्दै यस गाउँपालिकाको समृद्धिमा अझ बढि योगदानको अपेक्षा राख्दछु  ।

**उपस्थित गाउँसभाका सदस्यहरु,**

यस गाउँपालिकाका जनताले यस क्षेत्रकागाउँपालिका बासीहरुको आवश्यकता, आकाक्षांलाई संम्बोधन गर्न विकास र सम्मुन्नतिका लागि सुम्पीएको गहन एवं ऐतिहासिक जिम्मेवारी  इमान्दारी निश्पक्ष, पारदर्शी

ढंगबाट संचालन गर्नु हामी सबैको महत्वपूर्ण कर्तब्य रहेको ठानेको छु । दिगो विकासलाई आत्मसाथ गर्दैआधार स्तम्भ तयार गरी ग्रामिण विकासलाई माथि उठाएर आत्मनिर्भर भई राष्ट्रको विकासमा जग बसाल्नु जुन आजको पहिलो आवश्यकता हो । यसका लागि जनताको चाहना अनुरुपको जनताकै अर्थपूर्ण सहभागिताद्धारा विकासका आधारभूत गतिविधिहरु संचालन गरिनु पर्ने मेरो विश्वास रहेको छ । राजनीतिक आस्थाका हिसाबले पृथक र फरक तप्कामा रहेता पनि विकासको साझा लक्ष्यका रुपमा भने हामी निर्वाचित जनप्रतिनिधिहरु एकताबद्ध रही सकारात्मक र रचनात्मक सोच र विकास निर्माण प्रति यथार्थ र वास्तविकताका आधारमा एकढिका भई अगाडि बढ्नु अनिवार्य तथा अपरिहार्य बनेको छ ।

अरुको भरमा वस्नु र मुख ताक्नु भन्दा आफै स्वावलम्बी भई आत्मानिर्भर बन्नु दिगोविकासको आधार हो । संघीय एवं प्रान्तिय सरकारबाट प्राप्त हुने अनुदानको भरमा मात्र यस क्षेत्रको विकास पूर्ण रुपमा सम्भव नहुने हुदाँ संविधानप्रदत्त अधिकारलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई स्थानीय करको दायरालाई बृद्धि गर्दै अघि बढ्ने तथा आन्तरिक आम्दानीका अन्य स्रोतहरुको पहिचान एवं संरक्षण गरी समृद्धि तर्फ जानु हाम्रो उद्देश्य हुनेछ हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने भन्ने मूल नारालाई सफल कार्यान्वयन गर्ने हाम्रो कर्तव्य ठानेको छु ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अव म यस **तुम्बेवा** गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.स्थानिय तहको संक्षिप्त परिचय

पाँचथर जिल्लाको ७ वटा गाउँपालिकाहरु मध्ये सुदुर दक्षिण क्षेत्रमा तुम्बेवा गाउँ पालिका रहेको छ। जिल्ला सदरमुकाम वाट ७२ किलोमिटर टाढा रहेको छ। यस गाउँपालिकाको पुर्व र दक्षिणमा मिक्लाजुङ गाउँपालिकासँग जोडिएको छ भने उत्तरमा कुम्मायक गाउँ पालिकाको साँवा खोलासँग जोडिएको छ भने पश्चिममा तमोर नदि र नयाँ खोलाले छुट्याएको छ । यो गाउँ पालिका साविक ४ वटा गा.वि.स. आङ्गना,मौवा, वलने र हाङ्गुम गा.वि.स.हरुको ३६ वटा वडा मिलाएर हाल ५ वटा वडाको तुम्बेवा गाउँपालिकाको निर्माण भएको छ॥ यस गाउँपालिकालाई सप्तमी, दशमी, हाङ्गुम, वलने, मौवा, लखुवा दोभान र मौवा डिहिटार मोटर बाटोले सहयोग पुर्‍याएको छ । यस गाउँपालिका कच्ची मोटर बाटो जिल्ला कृषि सडक अन्तरगंत फिदिम, रानीगाउँ, याशोक, आङ्गना, मौवा हाङ्गुम,लिम्बा हुँदै ६ नं. बुधबारेबाट मोरङ्ग जिल्ला सम्म छोएको छ । मौवाबाट धरान तथा दमक र मौवा वाट रवि हँदै दमक पुग्नेगरी कच्ची मोटर बाटोहरु निरन्तर यातायात ट्याक्सी, ट्र्याक्टर सेवा सञ्चालन हुँदै आएको छ । हाल सम्म यो गाउँपालिकामा विजुली बत्ती वल्न सकेको छैन । यस गाउँपालिकामा हाल सम्म एउटा पनि बैङ्कको स्थापना नभएता पनि प्रक्रिया अगाडी बढी सकेको छ । जनसंख्या र भूगोलको आधारमा पाँचथर जिल्लाका गाउँपालिका मध्ये सवै भन्दा सानो र थोरै जनसँख्या रहेको गाउँपालिका हो । आम्दानी र स्रोत साधनको अर्थमा पनि न्युन स्रोत साधन भएको गाउँपालिकाको नाममा परिचित रहेको छ । अवसर प्राप्त भए पनि सफल कार्यान्वयनका लागि व्यापक चुनौतिहरु छन । यसको

विचमा रहेर कार्य सम्पादन गर्न तमाम तुम्बेवावासीहरु विच एकताको विकल्प छैन । तुम्बेवा गाउँपालिका भित्र विभिन्न तुम्बेवा मन्दिर, ईन्द्रावती मन्दिर, धुँवाराजा धुँवारानी, गजुरमुखी मन्दिर लगायत धेरै मन्दिर रहेका छन भने केही चर्चहरु पनि रहेका छन । यस गाउँपालिकामा विभिन्न धर्मावलम्बीहरुको बसोबास रहेको छ । यस गाउँपालिका भित्र कूल १३,४१९ जनसंख्या क्षेत्री, बाहुन, लिम्बु राई, तामाङ्ग, नेवार मगर, सुनार, देवान दलित आदि जातजातीको बसोबास रहेको छ । तुम्बेवा गाउँपालिका समुन्द्र सतहदेखी ३०० मिटर देखि १९८१ मिटर सम्मको उचाईमा फैलिएको छ । सय गाउँपालिकाको भौगोलिक विषमता रहेको हुनाले खेतीपाती पशुपालन रहनसहनमा पनि फरक फरक रहेको छ ।

यस गाउँपालिकाका मुख्य अन्नबालीमा मकै, कोदो, धान, दालहन तरकारी खेती रहेका छन भने नगदेबाली मा बदाम, कपास, अलैची, अदुवा, अम्लीसो, चिराइतो, अर्गेली आदि रहेका छन । पशुपालनमा गाई पालन, बाखा पालन, वँगुर पालन रहेको छ । तर व्यवसायिक पशुपालन हुन नसकेको अवस्था छ ।

तुम्बेवा गाउँपालिका भित्रका हालसम्मका कार्यालयहरु निम्न प्रकार रहेका छन ।

- इलाका प्रहरी चौकी कार्यालय–१
- आयुर्वेद कार्यालय–१
- हुलाक कार्यालय–४
- स्वास्थ्य चौकी कार्यलय–४
- सामुदायीक स्वास्थ्य इकाई–२
- पशु सेवा कार्यालय–१
- कृषि कार्यालय–१
- स्रोत केन्द्र–१
- वडापालिका–५
- गाउँपालिका–१
- सामुदायिक विद्यालय–४०
- संस्थागत विद्यालय–१
- सहकारी संस्था-६ वटा

## २. विद्यमान अवस्थाको समिक्षा

यस तुम्बेवा गाउँपालिकाको विद्यमान अवस्थाको चर्चा गर्दा निम्न पक्षहरुलाई समेटने प्रयास गरेको छु ।

❖ **सबल पक्षः**

स्थानीय सरकार आए पश्चात पुर्वाधार विकासमा केही सकारात्मक परिवर्तनको संकेत देखा परेको छ । यस तुम्बेवा गाउँपालिका प्राकृतिक स्रोतसाधन जडिबुटी जस्ता प्राकृतिक साधन स्रोतहरुको प्रर्वदन र परिचालन गरी गाउँपालिकाको आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ । बदाम,सुन्तला, अदुवा, अर्गेली, चिराइतो, आँप, अनार, स्याउ, किबि, अलैंची र आलुखेती तथा पशुपालनको प्रचुर संभावना रहेकोले हाम्रा वडाहरुलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना देखिन्छ ।

❖ **कमजोर पक्षः**

भौगोलिक विकटता, गरिवी, सुख्खा क्षेत्र, विकासका पुर्वाधारको कमी विद्यमान रहेको अवस्था हामी सामु विद्यमान छ । विशेष गरी खानेपानीको जर्जर समस्या छ । आयोजना संचालनमा परिणाममुखी केही हदसम्म हुन नसकेको आभाष हुन्छ ।

❖ **अवसरहरुः**

स्थानीय सरकार लागु भए पश्चात संघियता कार्यान्वयन सँगसँगै प्रत्यक्ष परिवर्तनको अनुभुति दिलाउने ऐतिहासिक अवसर प्राप्त भएको छ । यस गाउँपालिकामा तुम्बेवा मन्दिरलाई धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने अवसर प्राप्त भएको छ । शिक्षा, स्वास्थ्य, सुरक्षा, खानेपानी, कृषि, पशुपालन, व्यापार व्यावसाय लगायत क्षेत्रको प्रभावकारी ढंगले व्यवस्थापन गरी रोजगारी सिर्जना गरी तुम्बेवावासी जनताको आर्थिक, सामाजिक, शैक्षिक स्तरन्नोती गर्न सकिने छ । तमोर नदिलाई आन्तरिक पर्यटकको आकर्षक केन्द्रको रुपमा विकास गर्न सकिन्छ ।

❖ **चुनौतीः**

तुम्बेवा गाउँपालिका क्षेत्रका जनताहरुलाई स्थानीय सरकारको प्रत्याभूति दिन ठूलो चुनौती रहेको छ । विशेष गरी यहाँबाट अुने बसाइँसराई रोक्नु पर्ने हाम्रो काँधमा ठूलो जिम्मेवारी आएको छ । स्थानीय जनताको इच्छा, आकाक्षांलाई सम्बोधन गर्दै संघियता कार्यान्वयनलाई योगदान पुर्‍याउनु पर्ने आजको आवश्यकता छ । गुणस्तरिय शिक्षा, सर्वसुलभ स्वास्थ्य, यातायातको पहुँच, दिगो आवास, खाद्य सुरक्षा, गुणस्तरीय जीवनको प्रत्याभुत गर्न कटिबद्ध भई लाग्नु पर्ने छ ।

## ❖ बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएको पद्धति,

- नेपालको संविधान २०७२
- स्थानिय सरकार संचालन ऐन २०७४ आधार लिइएको छ ।
- प्रदेश सरकार र संघिय सरकारद्धारा प्रस्तुत नीति तथा कार्यक्रमलाई आधार लिइएको छ ।
- नेपालको संविधानले प्रत्याभुत गरेका मौलिक अधिकारहरु राज्यको निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई वार्षिक नीति तथा कार्यक्रम तय गर्ने प्रमुख आधारको रुपमा लिइएको छ ।

- संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्माण गरेको स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ लाई आधार लिइएको छ ।
- सामाजिक विकास, पुर्वाधार विकास, आर्थिक विकास, वातावरण तथा विपद व्यवस्थापन, वित्तिय व्यवस्थापन तथा सुसाशन, सामाजिक समावेशीकरणका आधारमा बस्ति टोल वडा भेला बाट छनौट भई आएका योजनाहरुलाई आधार लिईएको छ ।
- पन्धौं आवधिक योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुलाई मध्यनजर गरी नीति तथा कार्यक्रम तय गरिएको छ ।
- तुम्बेवा गाउँपालिकामा बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बस्ती, टोल एवं वडास्तरको रायसुझावहरुलाई विभिन्न राजनीतिक दलका जिम्मेवार व्यक्तिहरु तथा बौद्धिक वर्गको नै मुख्य आधार बनाइएको छ ।

## ❖ समग्र नीति तथा कार्यक्रमहरुः

- तुम्बेवा गाउँपालिका क्षेत्रमा मुख्य र ग्रामिण सडक सञ्जालको वर्गीकरण गरी प्राथमिकताका आधारमा नयाँ सडक खोल्ने भन्दा पनि भएका सडकहरुको स्तरोन्नती न्युनतम लेनको सडक सञ्जालको विकास, विस्तार, स्तरोन्नति र गुणस्तरीयता कायम गरिनेछ ।
- स्वच्छ खानेपानीमा नागरिकको पहुँच अधिवृद्धि गरिनेछ । प्राथमिकता प्राप्त खानेपानी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । खानेपानीको उत्पादन, वितरण तथा उपभोगमा स्थानीयवासी तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार बनाउँदै लगिनेछ । तमोर लिफ्ट खानेपानी आयोजना लाई उच्च प्राथमिकताका साथ १ % रकम राखिएको  क्रमशः तुम्बेवा वडा नं.१, २, ३, साथै ४, ५ को लागि मिक्लाजुङ गा.पा. को भुभागबाट मुहान बनाई खानेपानीको व्यवस्था गरिनेछ ।
- तुम्बेवा गाउँपालिकाको पर्यटन विकासका लागि तुम्बेवा मन्दिर, देवस्थल, गुम्बा, चर्च लगायत अन्य धार्मिक क्षेत्रको विकासमा क्रमश विकास गर्दै लैजाने धार्मिक पर्यटनको बढावा दिने कार्यक्रम रहेको छ । साथै तमोर नदीमा र्‍याफ्टिङको सम्भाब्यताको लागि आवश्यक पहल गरिनेछ ।
- तुम्बेवा गाउँपालिकाको सम्वृद्धिका लागि सार्वजानिक, नीजि र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी, प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- गाउँपालिका भित्रका ओइलेनी,पर्ति जग्गा लाई कानुन बमोजिम ब्यवस्थापन गरिनेछ ।

## ❖ आयोजना प्राथमिकीकरणका आधारहरुः

- तुम्बेवाबासीको आर्थिक विकास, गरिवी निवारण, स्वरोजगार प्रवर्द्धन, आय आर्जन वृद्धि हुने खालका कार्यक्रमहरु, शिक्षामा गुणस्तर सुधार गर्ने, स्वास्थ्य सेवामा आम जनताको पहुँच सुनिश्चितगर्ने, दिगो पुर्वाधार र खेलकुदको विकासमा टेवा पुर्‍याउने कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- राजस्व परिचालनमा योगदान पुऱ्याउने योजना तथा कार्यक्रमहरु ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- लैङ्गिक समानता, समाजिक समावेशीकरणको अभिवृद्धि हुने योजना तथा कार्यक्रमहरु संघिय सरकार र प्रदेश सरकारसँग सहकार्य र समन्वयमा गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको स्थानीय स्रोत साधन सीप क्षमताको अधिकतम परिचालन तथा संचालन भई सडक, सिंचाई, यातायात, सूचना प्रविधिको विकास र विस्तार गरी क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- वातावरण संरक्षण तथा सम्बर्द्धन, प्राकृतिक प्रकोपको असर न्यूनिकरण, जलवायु परिवर्तन अनुकुलतामा सहयोग  पुऱ्याउने खालका योजनाहरु ।
- पिछडिएका समुदाय, दलित, जनजाति, महिला, बालबालिका, अति विपन्न वर्गको आय आर्जन तथा सीप विकासमा टेवा पुग्ने मुख्य कार्यक्रम तथा आयोजनाहरु ।
- तुम्बेवा गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु ।

## ❖ आ.व. २०७४/०७५ को समिक्षाः

आ.व. ०७४/०७५ को लागी गाउँसभाले कुल **रु.२० करोड ६७ लाख ७० हजार ९ सय** मध्ये चालु तर्फ **रु.३ करोड ७ लाख ७ हजार** ,सशर्त अनुदान **रु. ६ करोड ९८ लाख ६३ हजार र** पुँजीगत तर्फ **रु. १० करोड १५ लाख ९९ हजार ९ सय नब्बे** विनियोजित भएको थियो **।** उक्त विनियोजित रकम मध्ये चालु तर्फ **रु. ९७ लाख  र पुँजीगत तर्फ रु. २ करोड ३९ लाख** खर्च हुन बाँकी छ **।** दोश्रो गाउँसभाबाट चालु खर्चलाई पुँजिगतमा रकमान्तर गरे पश्चात पनि **रु. १९ लाख** मौज्दात रहेको र पुँजिगत तर्फको मौज्दात रकमलाई आ.व. ०७५/०७६ को वजेटमा विनियोजन गरिएको छ ।

चालु आ.व.मा सम्पन्न भएका र सुचारु रहेका योजना तथा कार्यक्रमको विश्लेषण गर्दा भौतिक पुर्वाधार तर्फ चार वटा ठूला सडकहरु, वडा कार्यालयमा पुग्ने सडकहरु लगायत अन्य सडकहरु निर्माण सम्पन्न भएका छन् । यसको अलवा विभिन्न वस्ती जोड्ने सडकहरुको सरसफाई तथा स्तरउन्नती कार्य सम्पन्न भएका छन् ।

सामाजिक विकास तर्फ आदीवासी, जनजाती, दलित, अपाङ्ग, महिला लगायतका लक्षित समुहहरुको क्षमता विकास तथा सशक्तिकरणका लागी विविध कार्यक्रमहरु सफलता पुर्वक संचालन गरियो । गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुलाई सम्मान गर्नुका साथै फागुन महिनामा एकिकृत शिविर संचालन गरियो ।

आर्थिक विकास तर्फ कृषि तथा पशु स्वास्थ्य कार्यक्रममा विनियोजित वजेटबाट विविध कार्यक्रमहरु संचालन गरी आमकृषकहरुको हित प्रवर्द्धनमा केहीहदसम्म संशोधन गरिएको छ। कृषकहरुलाई बिउविजन तथा विरुवा वितरण, घुम्ति पशु-स्वास्थ्य शिविर संचालन गरी कृषकको वालीनाली र पशुधन संरक्षणमा गाउपालिकाले ध्यान पुऱ्याएको छ।

चालु आ.व.मा सवै वडामा कार्यालय स्थापना गरी आवश्यक न्युनतम भौतिक पुर्वाधारको ब्यवस्था गरी विधुतिय माध्यमबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ गाउँपालिकाले ठोस प्रयास गरेको छ। यस गाउँपालिकाको कर्मचारी दरबन्दी हालसम्म पनि रिक्त भएकोले न्यून जनशक्तिबाट अधिकतम प्रगति गर्नुपर्ने भएकोले समग्रमा केही कम प्रगती देखिएता पनि पछिल्लो प्रबृत्ति विश्लेषण गर्दा प्रगती सन्तोषजनक भएको पाइन्छ।

## ❖ २०७५/७६ को नीति तथा कार्यक्रम

अब म यस गाउँपालिकाको आगामी आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

- तुम्बेवा गाउँपालिकालाई "सभ्य र समृद्ध तुम्बेवा गाउँपालिका" बनाउन संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, राजश्व बाडफाड प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान तथा गाउँपालिकाको राजश्वलाई परिचालन गरी गाउँपालिकाका कार्यक्रमहरु संचालन गरिनेछ।

### ❖ सोचः

"सभ्य र समृद्ध तुम्बेवाको अभियानः कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, गुणस्तरिय पुर्वाधार र पहिचान"

### ❖ लक्ष्यः

कृषिमा व्यवसायिकरण, गुणस्तरीय पुर्वाधार विकास शिक्षा र उद्यमशिलताको माध्यमबाट समृद्ध समाजको निर्माण गर्ने।

### ❖ उद्देश्यः

- तुम्बेवा गाउँपालिकावासी जनतालाई स्थानीय सरकारको प्रत्यक्ष अनुभुति दिलाउने।
- संघिय सरकार, , प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान, परिचालन गर्दै गाउँपालिका भित्र रहेका विभिन्न स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी गाउँपालिकाको आर्थिक समृद्धी हासिल गर्ने।

- गा.पा तथा वडा सम्म पुग्ने बाटोहरुको स्तरउन्नती गरी यातायातलाई सहज बनाइने छ।
- सभ्य समाजको निर्माण गर्ने, विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न जोड दिइने।

- गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच अभिबृद्धि गरिनेछ ।
- दक्ष जनशक्तिको निर्माण गरी प्राविधिक शिक्षामा जोड दिइनेछ ।
- सेवा प्रवाहहरुलाई स्वचालित प्रणालीमा आवद्ध गरी सुशासनमा टेवा पुऱ्याउने ।

- **अपेक्षित उपलब्धिः**

**(क)आर्थिक विकास**

- आधुनिक कृषि प्रणाली विकास गर्न भौगोलिक तथा हावापानी अनुरुप कृषि प्रणालीमा विविधिकरण गरिनेछ ।
- कफि जोन (Coffee Zone) अवधारणा विकास गरिनेछ ।
- कृषि उत्पादनमा बृद्धि गर्न सम्भाब्य क्षेत्रमा सिँचाई सुविधा प्राप्त हुने ।

**(ख) सामाजिक विकास**

- सबै बालबालिकाहरु विद्यालयमा अनिवार्य भर्ना भई भर्नादर बुद्धि भएको हुने ।
- प्रत्येक नागरिकले आधारभुत स्वास्थ्य सेवामा पँहुच पुग्ने ।
- विद्यालयको शैक्षिक गुणस्तरमा अभिबृद्धि गर्ने ।
- विद्युत सम्पूर्ण वडाहरुमा विस्तार भएको हुने तथा खानेपानीको सहज आपुर्ति हुने ।

**(ग) वन, वातावरण तथा विपद ब्यवस्थापन विकास**

- सार्वजनिक तथा ऐलानी जग्गाहरुमा बृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम भएको हुने ।
- विपद् ब्यवस्थापनको लागी आवश्यक सामाग्री तथा उपकरणको सहज व्यवस्थापन हुने ।

**(घ) संस्थागत विकास तथा सेवा प्रवाह**

- विद्युतिय सरकारको अवधारणाको आधारमा सेवा प्रवाह हुने ।
- संस्थागत अभिलेखहरु ब्यवस्थित हुने ।

**(ङ) वित्तिय ब्यवस्थापन तथा सुशासन**

- स्थानिय सरकारको सेवा प्रवाहको सवालमा उत्तरदायी हुने ।
- बेरुजु न्युकिरण गर्न प्रचलित ऐन, कानुनको अक्षरक्षः पालना भएको हुने ।
- राजश्वका संम्भावित क्षेत्रहरु पहिचान हुने ।

## क्षेत्रगत नीति तथा आधारहरुः

### (१) आर्थिक विकासः

**(क) कृषि विकास सम्बन्धी**

- कृषिलाई समृद्ध तुम्बेवाको मुल आधारको रुपमा स्थापित गरी यस क्षेत्रका जनताको आय र जीवनस्तर बृद्धि गर्न उपर्युक्तबाली र पशुको पहिचान गरी कृषिमा विविधिकरण र व्यवसायीकरण गरिनेछ।
- सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ।
- कृषि जन्यवस्तुको उत्पादनमा विशेष अनुदानको लागी नीतिगत व्यवस्था गरी सामुहिक व्यवसायको लागि प्रोत्साहन गरिनेछ।
- एक घर १० विरुवाको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- जिविकोपार्जन वा निर्वाहमुखी कृषि पद्धतिलाई परिवर्तन गरी व्यवसायीक तर्फ उन्मुख गराउने।
- कृषि उत्पादनमा बृद्धिको लागि उन्नत बीउ विजन,तथा प्रविधि समयानुकूल उपलब्ध गराउने।
- कृषिबाली प्रविधिकरण र व्यवसायीकरणमा जोड दिई तुलनात्मक लाभको खेती योजना गाउँपालिका स्तरमा तयार गरी कार्यान्वयन गर्ने।
- माटोको उर्वराशक्ति कायम राख्न हरियो मल, कम्पोष्ट मल, गोबर मल तथा जैविक मलमा जोड दिई अर्ग्यानिक खेतिमा जोड दिइनेछ।
- गाउँपालिकाको सुख्खाग्रस्त क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण, थोपा सिंचाई प्रविधिलाई उच्च प्राथमिकता दिइनेछ।
- गाउँपालिकाको सम्भाव्य कृषि वस्तु तथा संभावित क्षेत्रलाई मध्यनजर गर्दै भकारो सुधार कार्यक्रमलाई विस्तार गर्दै लगिने।
- बेरोजगार र विदेशबाट फर्किएका युवाहरुलाई कृषिमा आकृष्ट गरि स्थानीय स्तरमा रोजगारी सृजना एवं उत्पादक क्षेत्रमा विप्रेषण रकम प्रवाह गर्न युवा लक्षित व्यवसायीक कार्यक्रम संचालित गरिनेछ।जसको लागि रु ५० लाख विनियोजन गरेको छ।
- कृषित र्फ प्राविधिक जनशक्ति थप गरी “एक गाउँ एक प्राविधिक”कार्यक्रमलाई प्रभावकारी रुपमा ल्याइनेछ। माटो परिक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ। “उत्कृष्ट कृषक” छनौट गरी बार्षिक रुपमा पुरस्कृत गर्ने ब्यवस्था मिलाइनेछ।
- बाँझा र खेर गइरहेका जमिनको उपयोग गर्न उपयुक्त फलफूलका ब्यवसायीक खेती तथा बृक्षारोपण गर्न प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।
- तुम्बेवा गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन “एक घर, एक करेसाबारी”नीतिलाई प्रभावकारी रुपमा लागु गरिनेछ।
- भकारो सुधार कार्यक्रमलाई ५ वटै वडामा लागु गरिनेछ।
- तुम्बेवा गाउँपालिका भित्रका कृषकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ।

- कृषकलाई व्यवसायिक खेती तर्फ आकर्षित गर्न तालिमहरुको व्यवस्था गरीनेछ ।
- गाउँपालिका भित्रका उपयुक्त क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- दिगो र व्यावसायिक कृषि विकासद्धारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन जोड दिइनेछ ।
- सम्भाब्यताको आधारमा पकेट क्षेत्र छनौट गरि अदुवा, बदाम, फलफूल, तरकारी तथा कफि जस्ता विशेष बालीको वयवसायीक कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।
- गाउँपालिका भित्र उपलब्ध जमिनको उच्चतम उपयोग गर्दै कृषिलाई ग्रामिण आर्थिक अर्थतन्त्र प्रमुख आधारको रुपमा विकास गर्न गाउँपालिका भित्र कृषियोग्य जमिनहरुको माटो परिक्षण गरी माटो सुहाँउदो बाली लगाउन प्रोत्साहन गरीनेछ ।
- किसानहरुलाई आवश्यक पर्ने बीउविजन वितरणमा सहुलियत दिइनेछ ।
- प्राङ्गारीक मल  निर्माणलाई व्यवस्थित र व्यवसायीकता विकास गर्दै उत्पादन तुम्बेवाको पहिचान लाई मुर्तता दिइनेछ ।
- रुद्रक्ष, आँप, कटहर, लिची, अर्गेली, सुन्तला, कागती, किबी, स्याउ, खेती मार्फत जनताको जीवनस्तर अभिबृद्धि तथा फलफूलले ठाउँको क्षेत्र अभिबृद्धि गर्न, विरुवा वितरण कार्यक्रम संचालन गरिनेछ यसका लागि रु २५ लाख विनियोजन गरेको छ ।
- सामाजिक तथा आर्थिक रुपले पछि परेका किसानहरुलाई मध्य नजर गर्दै पशु तथा बाली विमा कार्यक्रममा कृषकको पहुँच सुनिश्चितताको लागि आवश्यक पहल र ठोस कदम चालिनेछ ।
- कृषक समूहहरुसँग सहकार्य गरी कृषि औजार उपकरण खरिद गर्न अनुदानको ब्यवस्था गरिनेछ ।
- कृषि तथा पशुपालन ब्यवसायको जोखिम न्यूनिकरणको लागी बाली तथा पशु विमा कार्यक्रममा सहभागी हुन किसानहरुलाई प्रोत्साहन गरीनेछ ।
- तुम्बेवा गाउँपालिकामा पशुको नश्ल सुधार गर्न कृतिम गर्भधारण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- गाई पालन, कुखुरा पालन, बँगुर पालन, बाखा पालन जस्ता व्यवसायलाई आधुनिकीकरण गरी प्राविधिक सहयोगमा उत्पादनमा वृद्धि गरी बजारको व्यवस्थापनमा विशेष जोड दिइ आर्थिक उन्नतीमा लाग्न प्रोत्साहन दिईनेछ ।
- जनसंख्या तथा वातावरणलाई ध्यानमा राखी दिगो विकासको प्रयासबाट कृषकहरुको आर्थिक अवस्थामा बृद्धि गरि जीवनस्तर माथि उकास्न आवश्यक पहल गरिनेछ ।

**(ख) पर्यटनः-**

- धार्मिक महत्व बोकेको तुम्बेवा मन्दिरमा भ्यू टावरको स्थापना गरिनेछ ।

- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न तमोर नदीमा ऱ्याफ्टीङ संचालन गर्न प्रदेश तथा संघिय सरकारसँग पहल गरिनेछ ।
- धार्मिक दृष्टिले महत्वपुर्ण तुम्बेवा मन्दिर, धुँवा राजा धुँवा रानी र इन्द्रावती मन्दिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- पर्यटन क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र अन्तर्गत अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न स्थानीय कला संस्कृतीको पहिचान, अध्ययन, संवर्द्धन र विकासमा जोड दिइनेछ ।
- मुख्य सडक तथा सहायक सडक वरिपरि सडक क्षेत्राधिकारसँगै ग्रिन करिडोर तथा फुट करिडोर निर्माणलाई लागु गरिनेछ ।

## (२) सामाजिक विकास

### (क) शिक्षा तथा खेलकुद सम्बन्धी नीतिः

- "**सभ्य र समृद्ध तुम्बेवा अभियानमा गुणस्तरीय शिक्षा हाम्रो पहिचान**" नारा लाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- गाउँपालिका भित्र "सबैका लागि शिक्षा" कार्यक्रमलाई विशेष महत्वको साथ कार्यान्वयन गरिनेछ ।
- योग्य, बरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर विद्यालय प्रशासन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्र अ मिलान कार्य यथाशक्य सुदृढिकरण गरिनेछ ।
- शिक्षाको अवधारणालाई कार्यमुलक बनाउँदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्बन्धित स्थानीय तह शैक्षिक सरोकारवालासँग संयुक्त योजना सहित सहकार्य र समन्वयको नीति लिईनेछ ।शिक्षा नियमावलीका आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका बाँकी विद्यालयहरुमा विद्युतिय हाजिरी (E-Attendance) क्रमशः लागु लगिनेछ ।
- यस तुम्बेवा गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई गाउँपालिका, वडा स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन दिईनेछ ।
- श्री इन्द्राणी मा.वि.मा संचालित प्राविधिकधार अन्तर्गत पशु विज्ञानको लागि शिक्षा व्यवस्थापन अन्तर्गत आवश्यक सहयोग गरिनेछ । यसको लागी रु..............विनियोजन गरेको छ ।
- गाउँपालिका भित्रका विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम राख्न सम्पुर्ण सरोकारवालाहरुसँग सहकार्य गर्दै शैक्षिक क्षेत्र सुधार कार्ययोजना कडाइका साथ कार्यान्वयन गरिनेछ । साथै सम्पुर्ण प्र.अ. हरुसँग नियमित मासिक बैठक तथा स्रोत केन्द्र व्यवस्थापनमा जोड दिइनेछ ।

- विद्यालयलाई व्यवस्थापकिय र प्रशासकीय सुधारका लागि नियमित अनुगमन तथा मुलयाङ्न साथै सुधार र पुरस्कारको नीतिलाई लागु गरिनेछ ।
- "राष्ट्रपति रनिङशिल्ड" लाई थप प्रभावकारी बनाउनुको साथै अन्तर विद्यालय सांस्कृतिक कार्यक्रम साथसाथै आयोजना गरिनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन क्ष्त्रत शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयको भौतिक व्यवस्थापनलाई सुदृढिकरण गर्न विशेष जोड दिइनेछ ।
- गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुमा विद्यालय दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र कम्तिमा एक वटा विद्यालयमा प्राविधिक शिक्षाको पठनपाठन संचालन गर्न आवश्यक पहल गरिनेछ । जसको लागी रु. एक करोड बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिका भित्रका विद्यालयहरुलाई राजनैतिक हस्तक्षेपमुक्त गराइनेछ ।
- विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई समायोजन गरी आवासीय विद्यालयको व्यवस्थापन गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्रका उत्कृष्ट शिक्षक र विद्यालयलाई बार्षिक रुपमा संम्मान गरिनेछ ।
- गाउँपालिका भित्र संचालन हुने खेलकुद प्रतियोगीताहरुलाई आवश्यक सहयोग गरिनेछ ।
- तुम्बेवा गाउँपालिका भित्रका प्रत्येक वडामा खेलमैदान निर्माण गर्दै लगिनेछ ।
- तुम्बेवा गाउँपालिका भित्रका बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउन 'विद्यार्थी भर्ना' कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- शिक्षकहरुको शिक्षण सीपमा सुधार गर्न द्वैमासिक अन्तरवडा विद्यालय घुम्ति बैठक संचालन गर्दै लगिनेछ ।

**(ख) गरिवी तथा बेरोजगारीः-**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ ।
- दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै व्यवसायिकरणमा जोड दिइनेछ ।
- मागमा आधारित बजार सापेक्ष सिप विकास तालिमहरु संचालन गरिनेछ ।
- गाउँपालिका भित्र स्थानिय सिप, स्रोत र साधनलाई सदुपयोग गरी घरेलु तथा साना उद्योग स्थापनाको लागी प्रोत्साहन गरिनेछ ।

**(ग) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीतिः**

- गाउँपालिका भित्र स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन यसै आ.व. बाट ल्याव सेवा संचालन गरिनेछ ।
- तुम्बेवा गाउँपालिकावासी हरुलाई सुलभ रुपमा स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न स्वास्थ्य सेवाहरु मार्फत निः शुल्क औषधीको ब्यवस्था गर्ने नीति अङ्गिकार गरिएको छ । जसको लागि रु ………………विनियोजन गरिएको छ ।
- तुम्बेवा गाउँपालिकाको सम्पूर्ण वडाहरुमा प्रसुती गृह सेवा संचालन, कुनै पनि गर्भवती आमालाई प्रसुती गराउन स्वास्थ्य संस्थामै ल्याउने र घरमा हुने प्रसुतीलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।
- तुम्बेवा गाउँपालिकाको सम्पूर्ण वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविका हरुको क्षमता विकास कार्यक्रम संचालन नीति लिइनेछ ।
- आधाभुत स्वास्थ्य जनताको अधिकार कार्यक्रम अन्तर्गत सबै जनतालाई स्वास्थ्य सेवाको पँहुचमा ल्याउने दक्ष जनशक्तिको विकास गर्दे जाने नीति लिइनेछ ।
- गाउँघर क्लिनिक संचालन तर्फ आवश्यक नीति लिइनेछ भने औचित्य र आवश्यकताका आधारमा समय समयमा विभिन्न स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- हाल संचालनमा रहेका स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा बाह्रै महिना अत्यावश्यक निःशुल्क वितरण हुने औषधी र उपकरण अभाव नहुने प्रवन्ध मिलाइनेछ ।
- प्रजनन् स्वास्थ्य तथा विभिन्न रोगहरुसँग सम्बन्धित सचेतना कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- सूर्तीजन्य पदार्थ, गुटखा तथा मदिराको उत्पादन, विक्रि वितरणमा कडाईका साथ नियमन गरिनेछ । अस्वस्थकर खानेकुरा उत्पादन र विक्रि वितरणलाई निरुत्साहित गर्दे लगिने छ । विषदीको प्रयोग नियन्त्रण गरि अर्गानिक उत्पादन र वितरणमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- निजी क्लिनिक, ल्याब तथा स्वास्थ्य संस्थाहरुको संचालन मापदण्ड तयार गरिनेछ । साथै नियमित अनुगमनलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- पोषण सम्बन्धि राष्ट्रिय दिवसहरु संचालन गरिनेछ ।
- मानसिक तथा मनोसामाजिक स्वास्थ्यको अभिबृद्धि तथा मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा उपचारको लागि विभिन्न कार्यक्रम तथा क्रियाकलाप गर्ने नीति लिइनेछ ।
- कुनै पनि बालबालिकाहरु खोपसेवाबाट बन्चित हुन नदिने तथा कुपोषणको शिकार हुन नदिने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र वातावरणीय सरसफाईमा विशेष ध्यान दिदै, सार्वजनिक स्थलहरु साथै स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहोरमैला व्यवस्थापन सम्बन्धि नीति अवलम्बन गरिनेछ ।

- जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभुत गर्न यस गाउँपालिका रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संसाधन योजना तयार गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिका भित्रका वडाहरुमा संचालित बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, सामुदायीक स्वास्थ्य केन्द्रहरुमा आवश्यक औषधी निरन्तर उपलब्ध गराइनेछ साथै आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाबासी जनताहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न घुम्ति शिविर संचालन गरिनेछ ।
- आर्थिक बर्ष ०७६/०७७ बाट एम्बुलेन्स सेवा संचालन गरिनेछ ।
- मौवा पञ्चमी आर्युवेद औषधालयलाई स्तरउन्नती गर्दे आर्युर्बेद उपचारपद्धती प्रति जनचेतना अभिबृद्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

**(घ) लैङगीक समानता र सामाजिक समावेसीकरण सम्बन्धी नीतिः**

- नेपालको संविधान २०७२ मा व्यवस्था भए बमोजिम लक्षित बर्गको हकहितको सुनिश्चतता गर्न लैङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिने छ ।
- तुम्बेवा गाउँपालिकालाई बालमैत्री र महिला हिंसा रहित बनाउन जनचेतना सहित आवश्यक कार्यक्रमहरु तय गरी संचालन गरिनेछ ।
- बालबालिकाको सहभागीता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल क्लब हरुलाई सक्रिय बनाउदै प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिइनेछ ।
- महिला हिंसालाई अन्य गर्ने महिला सशक्तिकरण र आत्म निर्भरतालाई प्राथमिकतादिदै आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन बैकिङ प्रणलीलाई आत्मसात  जेष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ को अवलम्बन गरी तुम्बेवा गाउँपालिकालाई बालमैत्री शासनयुक्त गा.पा. घोषणा गर्नको लागि वडा नं ३ लगायत अन्य वडाहरुलाई क्रमागत रुपमा बालमैत्री शासनयुक्त बनाउँदै लगिनेछ ।

## (३) पुर्वाधार विकास

### (क) खानेपानी सरसफाई, सडक तथा भौतिक योजना तथा पूर्वाधार विकास तथा वस्ती विकास

- तुम्बेवा रिङरोड निर्माणलाई मुर्तता दिन प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ।
- खानेपानीको जर्जर समस्यालाई सम्बोधन गर्न गा.पा. भित्रका मुहानहरुलाई संरक्षण गर्दै ट्याङ्कर मार्फत पानी वितरण गर्नुका साथै मिक्लाजुङ गा.पा. सँग पानीको मुहान सम्बन्धी आवश्यक सहकार्य गरिनेछ।
- गाउँपालिका केन्द्र  साथै वडा कार्यालयहरु सम्म पुग्ने बाटोहरुको स्तरोन्नती गर्दे यातायातलाई सहज बनाइनेछ।
- सप्तमी-दशमी-मौवा, मौवा-हाङगुम-पेकुवा दोभान, मौवा-आङ्ना-लखुवा दोभान, मौवा-आङ्ना-जरायोटार हुँदै फिदिम जाने मोटरबाटो निर्माणको लागि साझेदारी कार्यक्रम अन्तर्गत आवश्यक प्रक्रिया बढाइनेछ।
- तुम्बेवा गाउँपालिकाको भवन तथा वडा कार्यालयको भवन निर्माण गर्न समपुरक कोषको सदुपयोग गर्दे प्रदेश तथा संघिय सरकारमा विशेष पहल गरिनेछ।
- "सभ्य र समृद्ध तुम्बेवाको आधारःगुणस्तरिय पुर्वाधार" लाई क्रमिक रुपमा कार्यान्वयन गर्दे लगिनेछ ।
- सप्तमी - दशमी - मौवा बाटो ग्राभेल गर्न, पिच गर्न प्रदेश तथा संघिय सरकारसँग आवश्यक पहल गरिनेछ तमोर करिडोरसँग जोड्दै यसलाई सहज बनाइनेछ।
- विगत आर्थिक बर्ष देखि बाटो निर्माण गर्दा कम्तिमा ३० प्रतिशत संरचना निर्माणलाई  यस आ.व.मा पनि निरन्तरता दिइनेछ। विगतमा पुरा नभएका योजनाहरुलाई यस आ.व.मा प्राथमिकता दिइनेछ।
- तुम्बेवा गाउँपालिका भित्रका भौगोलिक रुपमा विकट, छरिएका बस्ती तथा विपदको उच्च जोखिमयुक्त स्थानमा बसोवास गरेका घरपरिवारलाई एकिकृत बस्ती स्थापना गर्न प्रदेश तथा संघिय सरकारसँग आवश्यक पहल गरिनेछ।
- विगतमा टुक्रे योजनामा विनियोजित बजेट परिणाममुखी नभएकोले बाटोको बजेट विनियोजनमा कम्तिकम रु ५ लाखको योजनालाई मात्र प्राथमिकता दिइनेछ।
- गाउँपालिका अन्तर्गतका सडकहरुलाई संरक्षण गरी यातायतका साधनहरुलाई नियमन र अनुगमन गरिनेछ।
- तुम्बेवा गाउँपालिका अन्तर्गत वडा नं १ को स्वास्थ्य संस्थाको भवन निर्माण गरिनेछ।
- तुम्बेवा गाउँपालिकाका मुख्य सडक सञ्जालहरुको स्तरोन्नती गरि १२ महिनै संचालनमा ल्याइनेछ।
- तुम्बेवा गाउँपालिकाका सम्पुर्ण वडा कार्यालय पुग्ने तथा वडा बाट केन्द्र गाउँपालिका सम्म पुग्ने बाटोलाई ब्यवस्थित गर्दै लगिनेछ।

- गाउँपालिका भित्रका विद्यालय तथा स्वास्थ्य संस्थाहरु भौतिक ब्यवास्थापनमा आवश्यक जोड दिइनेछ ।
- गाउँपालिका भित्र बन्ने घर तथा संरचना निर्माणमा नक्सा पास लाई अनिवार्य रुपमा लागु गरिनेछ ।

**(ख) विद्युत, उर्जा तथा जलस्रोत सम्बन्धी**

- गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा विद्युतीकरण गर्न विधुत सहकारी तथा नेपाल विद्युत प्राधिकरण मार्फत आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र विद्युतिकरण गर्न बजेट विनियोजन गरी विद्युत सहकारी मार्फत प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया गरिनेछ जसमा उपभोक्ताको दायित्व अनिवार्य गरिनेछ । अन्यथा राष्ट्रिय प्रशारण लाइन मार्फत ग्रामिण विद्युतिकरण गर्न तार,पोल तथा ट्रान्सफर्मर खरिदको कार्यक्रम अगाडी बढाइनेछ । यस प्रयोजनको लागी रु २ करोड रकम विनियोजन गरिएको छ ।
- तुम्बेवा गाउँपालिका वडा नं २ को लागी माथिल्लो निकाय सँग आवश्यक पहल गरिनेछ ।

## (४) वन, वातावरण र विपद् ब्यवस्थापन विकास

**(क) वन, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीति :**

- "हरियो वनः तुम्बेवाको अमूल्य धन" बमोजिम वनलाई संरक्षण गर्दै सार्वजनिक खाली जग्गामा बृक्षारोपण गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका पानीका मुहानहरुलाई संरक्षण गर्न बृक्षारोपण गर्दै सार्वजनिक जग्गामा रहेका पानीका मुहानहरु तथा खानीजन्य पदार्थ गाउँपालिकाको कानून बमोजिम प्रयोग गर्ने नीति अङ्गिकार गरिनेछ ।
- यस तुम्बेवा गाउँपालिका भित्रका खोला नालाहरुमा करेन्ट तथा विषादी प्रयोग गर्न पुर्ण प्रतिबन्ध लगाउँदै नावा खोला र साँवा खोलाहरुमा माछाका भुराहरु हालिनेछ ।
- तुम्बेवा गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा एक एक वटा पोखरी निर्माण गरिनेछ ।
- तुम्बेवा १ साँवा खोला, ढुङ्गे(बिजुली खेत) मा सिँचाईको ब्यवस्था गरिनेछ ।
- तुम्बेवा वडा नं ४ र ५ मा बृहत खानेपानी आयोजना र तमोर लिफ्टीङ समयमै संचालन गर्न गा.पा. ले विषेश पहल गर्नेछ ।
- तुम्बेवा खानेपानीको लागी बैकल्पिक उर्जा केन्द्रसँग आवश्यक पहल गरिनेछ ।
- तुम्बेवा गाउँपालिका भित्र संचालन हुने ठूला आयोजनाहरुमा IEE र EIA लाई अनिवार्य रुपमा लागु गरिनेछ ।

**(ख) विपद् सम्बन्धी नीतिः**

- तुम्बेवा गा.पा भित्रका प्राकृतिक प्रकोप पिडितलाई राहत प्रदान गर्न विपद् व्यवस्थापन कोष खडा गरिनेछ जसलाई “विपद् ब्यवस्थापनकोष कार्यविधि” अन्तर्गत कार्यान्वयन गरिनेछ ।
- खडेरी प्रभावित क्षेत्रका जनतालाई सहुलियत प्रदान गर्न प्रदेश सरकार तथा संघिय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- विपद पुर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- विपद जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ ।

## (५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### (क) संगठन संरचना, दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धी नीति

- सार्वजनिक प्रशासनलाई प्रविधियुक्त, उत्तरदायी, अनुशासित, पारदर्शी र सहभागितायुक्त बनाउँदै लगिनेछ ।
- स्थानीय सरकारको प्रत्याभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाइनेछ ।
- नेपालको संविधानमा निर्दिष्ट सूचनाको हकलाई प्रत्याभुति दिलाउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो ब्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सुचना तथा अभिलेखलाई व्यवस्थीत गरिनेछ ।
- गाउपालिका स्तरमा एकिकृत सेवा केन्द्रको अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।
- शुसासन कायम राख्न सरकारी कार्यालयहरु तथा स्वास्थ्य केन्द्रहरुमा विद्युतिय हाजिरिलाई कार्यान्वयनमा ल्याइनेछ ।
- जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिबृद्धी गर्न समय सापेक्ष तालिमहरु संचालन गरिनेछ ।

- करका दररेटहरु न्यून गरी करका दायराहरु विस्तार गरिनेछ । “समयमै कर तिरौ समृद्ध तुम्बेवा निर्माणमा योगदान गरौ” भन्ने नारालाई आत्मसात गर्दै जनतालाई तिरेको करलाई जनताको अधिकतम हितको लागी उपयोग गरिनेछ ।

- गाउँपालिकासँग सम्बन्धित सम्पुर्ण सूचनाहरु आधिकारीक वेबसाइट ( www.tumwewamun.gov.np ) मा तथा गापाको मोवाइल एप मार्फत जानकारी गराइनेछ ।
- सूचनालाई अझ प्रभावकारी बनाउन गा.पा. कार्यालयमा डिजिटल डिस्प्ले बोर्ड स्थापना गरिनेछ ।
- सबै वडामा सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीबाट केन्द्रिय पञ्जिकरण विभागमा नियमित रुपमा विवरण पठाउने व्यवस्था गरिनेछ ।
- विकास निर्माणका सम्पूर्ण गतिविधिहरु लाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।
- कुनै पनि सरकारी,गैह्रसरकारी संघसंस्था,निकाय, क्षेत्र, गाउँपालिका भित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृती लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।
- गाउँपालिकाको वस्तुगत तथ्यांक अद्यावधिक गर्दै लगिनेछ । सडक संजाल तथा सार्वजनिक स्रोत उपयोगको क्षेत्रको गुरुयोजना बनाई आवधिक योजना निर्माण गर्ने तर्फ कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका भित्रका नागरिकहरुलाई शान्ति सुरक्षाको सुनिश्चितता गर्न सम्पुर्ण सरोकारवाला तथा सुरक्षा निकायसँग आवश्यक समन्वय गरिनेछ ।

**अन्त्यमा........**

हाम्रा आवश्यकताहर असिमित छन्, तर स्रोत साधनहरु सिमित छन् । सिमित स्रोत र साधनबाट समग्र तुम्बेवाबासीको चाहाना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपुर्ण छ। त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकता पूर्वक परिचालन गरी अधिकतम जनसहभागीता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नुपर्ने हाम्रो आवशयकता र बाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको पुर्ण सहयोगको आशा लिएको छु ।

वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका अध्यक्ष एव सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, विषयगत समितिका पदाधिकारी ज्यूहरु,लगायत राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।